# नेपाल मानव अधिकार संगठन
# Human Rights Organisation of Nepal

HURON

Regd. No. 149/053/054
Estd: 1988 A.D. (2045 B.S.)

केन्द्रीय कार्यालय- अनामनगर, काठमाडौं
Central Office- Anamnagar, Kathmandu

Anamnagar-29
G.P.O. Box: 5424
Kathmandu, Nepal
+977-1-5706949/5705948
huron.nepal@gmail.com
www.huronnepal.org


मितिः २०८१/१०/१५

## प्रेस विज्ञप्ति

ताप्लेजुङको पाथिभरा क्षेत्रमा केवलकार निर्माणसम्बन्धी विवादका कारण मिति २०८१/१०/१२ मा स्थानीय प्रदर्शनकारी र सुरक्षाकर्मी विच झडप हुँदा दुवै तर्फका व्यक्तिहरु घाइते भएको घटनाप्रति नेपाल मानव अधिकार संगठनको गम्भीर ध्यानाकर्षण भएको छ ।

केवलकार निर्माण अघि स्थानीय बासिन्दाको राय, इच्छा र मागहरू सम्बोधन नगर्दा यो स्थिति सिर्जना भएको देखिन्छ । त्यस्तै, स्थानीय प्रदर्शनकारी समूहले समस्या समाधानका लागि न्यायिक निकायमा जाने बाटो रोजेको भए द्वन्द्व टार्न सकिन्थ्यो । कुनै पनि विवादको समाधान संवाद र छलफलबाट मात्र सम्भव छ । त्यसैले, कोशी प्रदेश सरकारले आह्वान गरेको वार्तामा दुबै पक्ष सहभागी भई समस्याको समाधान खोज्न संगठन दुवै पक्षलाई आग्रह गर्दछ ।

स्थानीय प्रदर्शनकारी समूहले २०८१/१०/१५ देखि बन्दको आह्वान गरेकोमा तत्काल बन्दको निर्णय फिर्ता लिन र बन्दका कारण सर्वसाधारण नागरिक, विशेष गरी दुर्गम क्षेत्रका मानिस, मानसिक र शारीरिक रूपमा अशक्त व्यक्ति र दैनिक मजदुरी गरेर जीविकोपार्जन गर्नेहरू प्रभावित हुने हुदाँ कुनै पनि आन्दोलनको वहानामा सर्वसाधारण नागरिकको अधिकार कुन्ठित गर्न पाइँदैन ।

अतः विकास निर्माणको क्रममा आउन सक्ने यस प्रकारका असहमति र विवादको समयमै पहिचान र सम्बोधन गर्न, विकासमा मानव अधिकारमुखी पद्धतिको अवलम्बन गर्न, झडपको क्रममा घाइते व्यक्तिहरुको निःशुल्क र प्रभावकारी स्वास्थ्योपचारको व्यवस्था गर्न, एक आपसमा देखिएका विवाद र असहमतिहरुलाई सार्थक वार्ता र संवादको माध्यमबाट समाधान गर्न, प्रदर्शनलाई शान्तिपूर्ण बनाउन संगठन नेपाल सरकार लगायत सम्बन्धित सबै सरोकारवाला पक्षहरु समक्ष अपिल गर्दछ ।

**इन्द्र प्रसाद अर्याल**
**अध्यक्ष**
**फोनः ९८५१०५८३६८**